परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३५३ पृष्ठ ४ २०८२ असोज २२ गते, बुधबार 7-October, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## बर्दिबास नगरपालिकाद्वारा

# बाढी–पीडित परिवारलाई राहत वितरण




● टक नेपाल

हालैको अविरल वर्षा र बाढीका कारण बर्दिबास नगरक्षेत्रका विभिन्न बस्तीहरू प्रभावित भएपछि बर्दिबास नगरपालिकाले तत्काल राहत वितरण अभियान सञ्चालन गरेको छ। नगरपालिकाको आयोजनामा , क्वखभ तजभ ऋजषमिचभल ,सामुदायिक बिकास तथा पैरवी मंच नेपाल ,ऋच्क , नेपाल रेडक्रस सोसाइटी उपशाखा बर्दिबास ,रोटरी क्लब अफ बर्दिबास ,रोट्र्याक्ट क्लब अफ बर्दिबासको संयुक्त सहयोगमा ५० बाढी-पीडित परिवारसम्म राहत सामग्री बितरण गरिएको हो ।

यस अभियान अन्तर्गत खाद्यान्न, सरसफाइ सामग्री, त्रिपाल,, बालबालिका म्पिलष्तथ प्ष्त, खाना पकाउने भाँडाकुँडा, कपडा तथा आवश्यक घरेलु सामग्रीहरू वितरण गरिएका छन्। राहत वितरण कार्यक्रममा नगर प्रमुख,उपप्रमुख ,प्रतिनिधि, नगर प्रहरी, वडा जनप्रतिनिधि, स्थानीय समाजसेवी ,संचारकर्मी र सामाजिक संस्थाका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो।

राहत वितरणका क्रममा नगरका प्रतिनिधिहरूले विपद्को समयमा नागरिकको दुःख-सुखमा साथ दिने प्रतिबद्धता जनाउँदै भने,“बिपद्ले परिक्षा लिन्छ, तर मानवीयता नै यसको उत्तर हो। हामी सबै मिलेर यो कठिनाइ पार गर्नेछौं।

स्थानीयवासीहरूले राहत पाएपछि खुसी व्यक्त गर्दै नगरपालिकाको पहल र सहयोगी संस्थाहरूको सक्रियताको प्रशंसा गरेका छन्। एक बाढी-पीडित महिलाले भनिन्,“यो सहयोगले केवल सामग्री होइन, हाम्रा मनमा भरोसाको उज्यालो दिएको छ।”

राहत सामग्री वितरणसँगै प्रभावित क्षेत्रहरूको तथ्याङ्क संकलन, पुनःस्थापना योजना र दीर्घकालीन व्यवस्थापनका लागि पनि छलफल गरिएको छ। नगर प्रशासनका अनुसार राहत वितरण एकद्वार प्रणालीमार्फत पारदर्शी रूपमा गरिएको हो, जसले सहयोग लक्षित परिवारसम्म प्रभावकारी रूपमा पुर्‍याएको छ।

यो अभियानले बर्दिबास नगरपालिकाको सामाजिक जिम्मे वारी र मानवीय भावना झल्काएको छ।

नगरका जनप्रतिनिधिहरूले आगामी दिनमा पनि स्थानीय सरकार नागरिकको साथमा रहने आश्वासन दिएका छन्।

## मधेश प्रदेशमा

# नयाँ सरकार गठन प्रयास





● टक नेपाल

मधेश प्रदेशमा नयाँ सरकार निर्माणका लागि दलहरूबिच संवाद सुरु भएको छ। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरबिच नयाँ सरकार निर्माणका लागि सहकार्यका सन्दर्भमा छलफल भएको हो।

अध्यक्ष ठाकुरले भन्नुभयो, “सङ्घीय सरकारमा सहकार्य गर्दा मधेश प्रदेशमा लोसपा नेपाललाई मुख्यमन्त्री दिने समझदारी अनुसार छलफल थालिएको हो तर कांग्रेसले आफ्नो नेतृत्वमा सरकार बनाउन सहयोग मागेको छ। छलफल चलिरहेको छ।”

मधेश प्रदेशमा नेपाली कांग्रेसले मुख्यमन्त्री सतीषकुमार सिंहको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको छ। प्रदेश सभामा कायम रहेको १०७ सदस्य सङ्ख्यामध्ये बहुमतका लागि ५४ सदस्यको समर्थन आवश्यक पर्छ। दलहरू आफ्नो पक्षमा बहुमत पुर्‍याएर नयाँ सरकार बनाउने प्रयासमा छन्।









परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### "सत्ताको नाङ्गो नृत्य र जनविद्रोहको चेतना"

लोकतन्त्रको मुखौटा फोर्पारि पुगेको यथार्थले नेपाली समाजलाई गहिरो सचेत बनाएको छ। दल-गुट-परिवारमा सीमित भएको प्रतिनिधित्वले जनअधिकार र सामाजिक न्याय गुम्दै गयो। जेन-जी आन्दोलनले यही अनुचितता र भ्रष्टाचारको नग्न तस्वीर सडकमा उभ्यायो; तर यसको सफलतालाई सीमित पारेर व्यवस्थाले स्वयम्लाई पुनःस्थापित गने प्रयास देखियो। आन्दोलनको वास्तविक लक्ष्य केवल सरकार पतन मात्र होइन–संरचनागत परिवर्तन हो।

अब आवश्यक छ–अस्थायी व्यक्तित्व परिवर्तन होइन, उत्पादन र राजनीतिक संरचनामा मौलिक परिवर्तन। भूमि र आवासका लागि निःशुल्क राज्य व्यवस्था, शिक्षा-स्वास्थ्यमा निजीकरणको अन्त्य, कृषिलाई आधुनिकीकरण गरी रोजगारी सुनिश्चित गर्ने नीति, र वित्तीय शोषण अन्त्य गर्न निजी बैंक प्रणालीको पुनरवलोकन अनिवार्य छ। भ्रष्टाचार र अनुत्पादक पुँजीको वास्तविक छानबिनका लागि स्वतन्त्र सम्पत्ति छानबिन आयोग तुरुन्त गठन गरिनुपर्दछ।प्रतिनिधिसभा भर्नु अघि राष्ट्रिय सहमति निर्माण हुनैपर्छ; नभए चुनावले केवल यथास्थितिको पुनरावृत्ति मात्र गर्नेछ। जेन-जीले उठाएको क्रान्तिकारी प्रश्नहरूलाई भावी नीतिहरूमा समाहित नगरे आन्दोलनको बलिदान बेकार हुनेछ।

सच्चा लोकतन्त्र जनअधिकारको सुनिश्चितता हो–निर्वाचनको नौटंकी होइन। आजको चुनौती भनेको प्रतिगमन र अग्रगमनबीचको निर्णायक संघर्षमा स्पष्ट, समावेशी र स्वाधीन मार्गचित्र तयार गर्नु हो। राजनीतिक कार्यकर्ताहरू, नागरिक समाज र नवयुवालाई जिम्मेवार भूमिका खेल्दै संरचनागत परिवर्तनमा लागेको मात्र नेपालले समृद्ध र न्यायोचित भविश्य देख्न सक्छ।

राज्यले कृषिजन्य उत्पादनको न्यूनतम समर्थन मूल्य सुनिश्चित गरी खरिद-बिक्री प्रणाली लागू गर्नु आवश्यक छ, जसले किसानलाई स्थिर आम्दानी र देशको खाद्य सुरक्षा सुनिश्चित गर्नेछ। वैदेशिक ऋण र निर्भर नीति विरुद्ध स्वतन्त्र आर्थिक नीति अपनाइयोस्। आन्दोलनको नेतृत्वमा आएका युवा र सधैं उत्पीडित वर्गको नियन्त्रित सहभागिता सुनिश्चित गर्दै समावेशी संविधानिक संरचना बनाउने कामदार जिम्मेवारी तुरुन्त लिनुपर्छ। अन्त्यमा, चेतना र संगठनद्वारा मात्र वास्तविक सामाजिक-आर्थिक रूपान्तरण सम्भव छ; शृंखलाबद्ध सुधार र दीर्घकालीन योजनाले नै प्रतिगमनलाई परास्त गर्नेछ। सफल हुन्छ।

# आर्थिक वृद्धि २.१ प्रतिशतमा झर्ने विश्व बैंक्तको अनुमान

• टक नेपाल




चालु आर्थिक वर्ष २०८२र८३ मा नेपालको आर्थिक वृद्धि २।१ प्रतिशतमा झर्ने अनुमान गरिएको छ । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएको अशान्ति र बढेको राजनीतिक तथा आर्थिक अनिश्चितका कारण आव ९सन २०२५र२६० मा आर्थिक वृद्धि २।१ प्रतिशतमा झर्ने अनुमान विश्व बैङ्कले गरेको हो ।

दक्षिण एसियाको विकासको अद्यावधिक प्रतिवेदन 'साउथ एसिया डिभलपमेन्ट अपडेट' शीर्षकमा मङ्गलबार प्रकाशित प्रतिवेदनमा आर्थिक वृद्धिको सम्भावित घट्ने दायरा विद्यमान वृद्धिदरभन्दा १।५ देखि २।६ प्रतिशत हुने अनुमान गरिएको छ। आव २०८१र८२ मा नेपालको आर्थिक वृद्धिदर ४।६१ प्रतिशत थियो ।

जेनजी आन्दोलनका क्रममा भएको अशान्तिका कारण अन्तर्राष्ट्रिय पर्यटक आगमनमा तीव्र गिरावट आउने र सम्पत्ति नोक्सानीले बिमा उद्योगलाई असर गर्ने अपेक्षा गरिएको प्रतिवेदनमा उल्लेख छ। लगानीकर्ताको कमजोर विश्वासले निजी लगानी र गैरजलविद्युत निर्माणमा बाधा पुऱ्याउने प्रक्षेपण विश्व बैङ्कको छ।

धान उत्पादन हुने मुख्य क्षेत्रमा ढिलो भएको वर्षाले कृषि क्षेत्रलाई बाधा पुऱ्याउने तर पुनर्निर्माण प्रयासले पुनर्लाभलाई समर्थन गर्ने र आव सन २०२७र२८ मा गति लिने अपेक्षा गरिएको छ। सन २०२६ मा भने नेपालको आर्थिक वृद्धि ४।७ प्रतिशत रहने प्रक्षेपण विश्व बैङ्कको छ। यो प्रतिवेदनले नेपालमा एक महिनाअघि भएको जेनजी आन्दोलनको क्षतिलाई ध्यानमा राख्दै यस्तो प्रक्षेपण गरेको हो ।

सरकारी र निजी क्षेत्रले सार्वजनिक गरेको प्रारम्भिक विवरण अनुसार सार्वजनिक सम्पत्तिमा एक खर्ब र सङ्गठित निजी क्षेत्रको सम्पत्तिमा ८० अर्ब रुपियाँ बराबरको क्षति पुगेको छ। यसका निजी क्षेत्रको क्षतिको दायित्व बिमा कम्पनीबाट हुने भए पनि सरकारी भौतिक सम्पत्तिको बिमा नभएका कारण क्षतिको सम्पूर्ण दायित्व सरकारको थाप्लामा परेको छ।

बिमा कम्पनीमा परेको दाबीको पछिल्लो विवरण अनुसार निजी क्षेत्रबाट २३ अर्ब ३९ करोड रुपियाँ बिमा कम्पनीमा दाबी परेको छ। दाबी आउने क्रम जारी रहेकाले यसमा अरू रकम थपिने छ।

बिमा कम्पनीले भुक्तानी गर्ने काम थालेका छन् । हिमालयन एभरेस्ट इन्स्योरेन्स लिमिटेडले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा क्षति पुगेका सम्पत्तिको २१ करोड ७४ लाख ४५ हजार ८३१ रुपियाँ दाबी भुक्तानी गरेको छ। उक्त कम्पनीले हालसम्म क्षतिपूर्ति दाबी गरिएका २८७ वटा दाबीमध्ये २४५ वटाका लागि उक्त रकम भुक्तानी गरेको जनाएको छ।

विश्व बैङ्कको प्रतिवेदनमा जेनजी आन्दोलनसम्मको मूल्याङ्कनलाई आधार मानेर विवरण सार्वजनिक भए पनि त्यसको एक महिनापछि यही असोज १८ र १९ गतेको मुसलधारे वर्षाका भएको भौतिक तथा पूर्वाधारको क्षतिले आर्थिक वृद्धिको प्रक्षेपणलाई अरू तल झार्ने सम्भावना रहेको छ । बाढीपहिरोबाट भएको क्षतिको विवरण आइसकेको छैन ।

भुटान सबैभन्दा माथि

प्रतिवेदन अनुसार सन २०२६ मा दक्षिण एसियाली देशमा भुटानको आर्थिक वद्धिदर सबैभन्दा बढी ७।३ प्रतिशत रहने छ । त्यसपछि भारतको ६।५ प्रतिशत, बङ्गलादेशको ४।८ प्रतिशत, माल्दिभ्स ३।९ प्रतिशत र श्रीलङ्काको ३।५ प्रतिशत रहने प्रक्षेपण छ । विश्व बैङ्कले यस प्रतिवेदनमा पाकिस्तानलाई समावेश गरेको छैन । प्रतिवेदनले नेपालमा जेनजी आन्दोलन जस्तै बङ्गलादेश र श्रीलङ्कामा भएका आन्दोलनको पनि विश्लेषण गरेको छ। प्रतिवेदनको मुख्य विषय भने रोजगारी, कृत्रिम बौद्धिकता र व्यापार रहेको छ।

# लगातार वर्षा र बाढीका बीच मनराशिसवा नगर प्रमुखद्वारा स्थलगत निरीक्षण

• टक नेपाल

देशभर जारी लगातार वर्षा र बाढीका कारण सिर्जित संकटपूर्ण अवस्थालाई मध्यनजर गर्दै मनराशिसवा नगरपालिकाका नगर प्रमुख मोहन पाण्डेयले आज भोल्ही, मनरा, साढा, सरपल्लो लगायतका बाढी प्रभावित क्षेत्रहरूको स्थलगत निरीक्षण गर्नुभएको छ।

नगर प्रमुख पाण्डेयज्यूले बाढीले प्रभावित स्थानहरूमा पुगेर स्थानीय बासिन्दाको अवस्थाबारे प्रत्यक्ष जानकारी लिनुभएको छ। साथै, राहत तथा उद्धार कार्यमा खटिएका टोलीलाई अझ सक्रिय र समन्वित ढंगले काम गर्न निर्देशनसमेत दिनुभएको छ।

निरीक्षणका क्रममा नगर प्रमुखले जनताको सुरक्षालाई पहिलो प्राथमिकता दिने प्रतिबद्धता जनाउँदै, जोखिम न्यूनीकरणका लागि तत्कालीन आवश्यक कदम चालिने जानकारी दिनुभयो। उहाँका अनुसार नगरपालिका बाढीको पानीको बहाव व्यवस्थापन, क्षति नियन्त्रण, प्रभावित परिवारहरूको अस्थायी बसोबास, स्वच्छ पानी, स्वास्थ्य सेवा र खाद्य सहायता सुनिश्चित गर्न निरन्तर प्रयत्नशील रहेको छ।



नगर प्रमुख पाण्डेयले भने, "यो विपत्को घडीमा नगरपालिका जनतासँगै छ। उद्धार, राहत र पुनःस्थापनाका सबै कार्यमा नगरपालिकाले कुनै कसर बाँकी राख्दैन।"

नगरपालिकाका कर्मचारी, जनप्रतिनिधि, सुरक्षाकर्मी र स्वयंसेवकहरूको संयुक्त टोली बाढीपीडित क्षेत्रहरूमा उद्धार तथा सहयोग कार्यमा सक्रिय रूपमा खटिएका छन्।

मनराशिसवा नगरपालिकाले सबै नागरिकलाई सचेत रहन, जोखिमयुक्त क्षेत्रमा नबस्न र आवश्यक परेमा नजिकको प्रहरी वा नगरपालिका कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ।






# उद्यमसँग जोडिने शिक्षाको मार्गचित्र

टक नेपाल




नेपालमा २०१३ सालमा योजनाबद्ध विकासको थालनी भयो । पहिलो योजना सुरु गर्दा उत्पादनमा वृद्धि र बेरोजगारलाई काम दिने उद्देश्य राखियो । योजनाले उत्पादन बढाउन वैज्ञानिक ज्ञान र औजारको प्रयोग गर्ने तरिका सुझायो । वैज्ञानिक अनुसन्धानको माध्यमद्वारा सिप बढाएर उत्पादन बढाउने विषयलाई प्राथमिकतामा राखियो । यस्तो सोच राखेको सरकारले विक्रमको बिसको दशकसँगै नहर बनाउँछु भन्यो, आधुनिक बिउ दिन्छु भन्यो, किसानलाई रासायनिक मलमा बानी पार्‍यो । कृषिलाई आधुनिकीकरण तथा व्यावसायीकरण गर्छु भन्यो । उद्यमको विकास गर्छु भन्यो । यसका लागि शिक्षा प्रणाली र आर्थिक विकासबिच तादात्म्य कायम राख्नुपने थियो । यसै सिलसिलमा २०१६ सालमा देशमा पहिलो विश्वविद्यालय स्थापना गरियो, त्यहाँ चुक भयो । विश्वविद्यालय देशमा भएको स्रोत अनुकूल हुने गरी खुलेन । अहिले नेपालमा प्रादेशिक स्तरका र स्वायत्त शैक्षिक प्रतिष्ठानसहित विश्वविद्यालय स्तरका दुई दर्जनभन्दा बढी संस्था छन् । पछि खुलेका केही संस्थाले प्राविधिक शिक्षालाई प्राथमिकतामा राखे पनि अपेक्षा गरे अनुसार चुनौतीको सम्बोधन हुन सकेको छैन । शिक्षा प्रणाली देशको भूगोल एवं आर्थिक, सामाजिक र औद्योगिक अवस्था तथा देशमा उपलब्ध स्रोत एवं आउँदो शताब्दीमा नेपाललाई कुन गन्तव्यमा पुर्‍याउने र त्यसका लागि विकासको मोडेल कस्ता हुने हो भनेर कोरिएको मार्गचित्र अनुकूल हुनु पर्छ ।

नेपालको भूगोल विविधता बोकेको छ, यहाँ जङ्गल, माटो, पानी, खनिज, हिमाल, पहाड र सुन्दर स्थान र विविधता बोकेको हावापानीसमेतका स्रोत र सम्पदा छन् । विकास त यी स्रोतका आधारमा हुनु पर्छ । उद्योगहरूको विकास यिनै स्रोतलाई आधार मानेर गर्नुपर्ने हो । यसका लागि शिक्षा प्रणाली र पद्धति पनि त्यसै अनुसार हुनु पर्छ । यस दृष्टिकोणबाट हेर्दा नेपाललाई कृषि, वन र पशु तथा पर्यटनसम्बन्धी र प्राद्यौगिक विश्वविद्यालय चाहिएको थियो । हामीले सुरुमा नै ऐन स्रेस्ता र नागरिकशास्त्र पढाएर रातो कलमले शासन गर्ने व्यक्ति अथवा हाकिम उत्पादन गर्ने विश्वविद्यालय खोल्ने विषयलाई प्राथमिकतामा राख्यौँ । वैज्ञानिक ज्ञान र औजारको प्रयोग गर्ने तरिका र वैज्ञानिक अनुसन्धानको विषयलाई शिक्षा प्रणालीको प्राथमिकता बनाएनौँ । मानव स्रोतलाई शिक्षाको माध्यमबाट उत्पादनमा जोड्ने काम हुन सकेन । देशका हरेक बालिग नागरिकलाई शिक्षा, ज्ञान, सिप र प्रविधिसँग परिचित बनाई त्यसको सही अभ्यासद्वारा उत्पादन र समाजलाई सही दिशामा लैजाने दृष्टिकोणबाट असल पात्र बनाउने काम अधुरो रह्यो ।

यहाँनेर वैदिकशास्त्रमा रहेको संस्कृत भाषाको एउटा श्लोक निकै सान्दर्भिक देखिन्छ । 'विद्यां ददाति विनयं विनयाद् याति पात्रताम्, पात्रत्वात् धन माप्नोति धनात् धर्म ततः सुखम् । उद्यमेन हि सिध्यन्ति कार्याणि न मनोरथैः, न हि सुप्तस्य सिंहस्य प्रविशन्ति मुखे मृगाः ।' यो श्लोकको भावार्थ लगाउँदा 'देशको विकास र समाजको समुन्नतिको स्पष्ट खाका देख्न सकिन्छ । जसले विद्या वा शिक्षाले ज्ञान, सिप र विवेक दिन्छ । ज्ञान, सिप र विवेक भएपछि नागरिक उद्यम गर्न वा देश र समाजका लागि आवश्यक कार्य गर्न योग्य र ल्याकत भएको असल पात्र बन्छ । असल नागरिक वा पात्रले उद्यम वा कृषि, उत्पादन, उद्योग, व्यापारसमेतका असल काम (धर्म) गरेर आवश्यक धन प्राप्त गर्छ । धन वा स्रोत प्राप्त भएपछि त्यसको उपयोग धर्म वा असल कार्यका लागि गर्न सकिन्छ । यस्ता असल कार्य गर्न सकियो भने मानव जीवन स्वतः सुखी र खुसी हुन्छ' भन्ने पाँच वटा सन्देश दिएको छ । यसको अनुसरण गर्न सकेको भए पनि देशमा जीवन उपयोगी, कर्म उपयोगी र समाज उपयोगी शिक्षाको विषय प्राथमिकतामा पर्दथ्यो ।

यहाँ धर्म वा असल कार्य भनेको बाटोघाटो, अस्पताल, शिक्षालय, पानी पंधेरो, धर्मशाला, अनाथालय, वृद्धाश्रम, विश्राम गृह, क्रीडा स्थल, मठमन्दिर, पाटीपौवा, मनोरञ्जन स्थल आदिको निर्माण तथा सम्भार गर्न हो । मानव जीवनलाई दैवी तथा अन्य प्रकोपबाट उद्धार गर्नेसमेत काम गर्नु हो । धर्म भनेको धूप, बत्ती, अबिर, अक्षता लिएर कुनै मूर्तिको वा मन्दिरमा गएर पूजा गर्नु मात्र होइन । प्रमुख काम त मानव कल्याण गर्नु हो; पृथ्वी जोगउनु हो । माथि उल्लिखित श्लोकलाई हामीले घोक्यौँ मात्र, व्यवहारमा ल्याएनौँ, योजनामा उतारेनौँ ।

जुन देश समुन्नत छ, त्यहाँको व्यवहार र अनुभव हेर्दा यो श्लोकले दिएको दर्शन र सिद्धान्तलाई व्यवहारमा उतारेको देखिन्छ । असल शिक्षा प्राप्त गरेको नागरिकले काम पनि असल ढङ्गले गर्न सक्छ । बोलेर मात्र कार्यसिद्धि हुँदैन, भोक लाग्यो भनेर खानेकुरा आफैँ मुखमा आउँदैन, यसका लागि कर्म गर्नु पर्छ, उद्यम गर्नु पर्छ । जसका लागि विद्या चाहिन्छ भन्ने श्लोकमा उल्लिखित कुरा प्रमाणित भएको छ । यति कुरा बुझेर योजना र नीति बनाउने तथा कार्यान्वयनमा ल्याउने काम गर्न सकेको भए देश निकै समुन्नत भइसकेको हुने थियो । त्यति बुद्धि र विवेक पनि हामीसँग भएन ।

अहिले समय फेरिँदै गएको छ । मानिसको सोचमा परिवर्तन आएको छ । चेतना, पूर्वाधार र प्रविधिको विकाससँगै सामाजिक संरचना परिवर्तन भएको छ । समयसँगै संयुक्त परिवार क्रमशः एकल परिवारमा रूपान्तरण हुँदै गयो, न्युक्लियस परिवारको सङ्ख्या बढ्यो । छोराबुहारीले बाबुआमा र हजुरबा हजुरआमालाई आफ्नो परिवारको वृत्तबाट बाहिर राख्न थाले । परिवारको परिभाषा सङ्कुचित भयो । हिजो कृषि क्षेत्रमा संयुक्त परिवारको संरचनाले संस्थागत अगुवा र व्यवस्थापनको काम गरेको थियो । अहिले त्यो करिब करिब भत्किसक्यो । यसरी हिजो भएका उत्पादन प्रणाली भत्काइयो तर प्रभावकारी ढङ्गले काम गर्ने गरी नयाँ प्रणालीको विकास र त्यसको कार्यान्वयन गर्न सकिएन । अनि देश क्रमशः परनिर्भरतातर्फ बढ्यो । अब मानव पुँजीलाई दक्ष बनाएर देशमा रहेको प्राकृतिक स्रोतको प्रयोग गरी आफूलाई चाहिने र विदेशमा बेच्न सकिने वस्तु उत्पादन गर्ने विषयमा केन्द्रित शिक्षा नीति, प्रणाली र पद्धतिको विकास गर्नु पर्छ । कच्चा श्रम (त्यो पनि अदक्ष) बेचेर पैसा कमाउने लाहुरे संस्कृतिबाट देशलाई बाहिर निकाल्ने पहिलो आधार नै प्रविधि र स्रोतसँग जोडिएको शैक्षिक प्रणाली हो ।

देशमा उत्पादन भएको बिजुली पनि कच्चा पदार्थ सरह नै हो । यसको प्रयोग त देशभित्रै उद्योग, यातायात, हवाई, बैंकिङ, शिक्षा, स्वास्थ्य, घरबार र दैनिकीमा बढीभन्दा बढी प्रयोग गरेर त्यसबाट बढीभन्दा बढी वस्तु उत्पादन गर्ने, आयात हुने वस्तु र सेवा विस्थापित गर्ने, अनि ती वस्तु निकासी गर्ने काममा जोड दिन सकेमा त्यसको सही सादुपयोग भएको मानिन्छ । बिजुलीको बढीभन्दा बढी प्रयोग औद्योगिक कार्यमा गर्न सके त्यसले अर्थतन्त्रमा मूल्य अभिवृद्धि गराउँछ, अर्थतन्त्रलाई दरिलो र प्रतिस्पर्धी बनाउँछ । उद्यमशीलता बढ्यो भने युवाको हातमा काम र गोजीमा दाम हुने छ । त्यसले विद्रोह र वैमनस्यता पनि कम गर्छ । त्यति गर्दा पनि बचत हुन आउने बिजुली भने बिक्री गर्नु उपयुक्त नै हुन्छ ।

विडम्बना भनौँ वा नियति, यति धेरै विश्वविद्यालय हुँदा पनि ती विश्वविद्यालयबिच उपयुक्त किसिमको विषयगत बहसको अन्तरसञ्जालको विकास गरिएको छैन । माध्यमिक र उच्च शिक्षालाई उद्यमशीलतासँग जोड्ने गरी रणनीतिक खाका र कार्यक्रम पनि बनाउन सकिएको छैन । प्रमुख सम्भावना रहेका कृषि, वन, ऊर्जा, पर्यटन र उद्योगका क्षेत्रमा आउँदा तीन दशकमा कुन तहको र कुन गुणस्तरको कस्तो जनशक्ति चाहिन्छ भनेर सङ्ख्या पनि यकिन गर्न सकिएको छैन ।

तसर्थ अबको पहिलो प्राथमिकता भनेको उद्यमले नै कार्यसिद्धि हुने हो, देश समाज, परिवार र व्यक्तिको साझा समुन्नति हुने हो भन्ने कुरालाई बुझेर देशले परिकल्पना गरेको विकासको मोडेल र त्यस मोडेलले खोजे अनुसारको गुणस्तर र सङ्ख्यामा जनशक्तिको विकास गर्ने गरी क्षेत्रगत आवश्यकतासमेतको मानव संसाधनसम्बन्धी स्पष्ट मार्गचित्र तयार गर्नुपर्ने छ । विकासको मोडेल तयार गर्दा देशमा रहेको स्रोत र सम्भावना एवं अन्तर्राष्ट्रिय परिवेशलाई केन्द्रविन्दुमा राखिनु पर्छ । अन्यथा शिक्षा र विकासका बिच विचलन पैदा भएर द्वन्द्वको वातावरण बन्छ । कागजमा शिक्षित मानिसको सङ्ख्या धेरै देखिन्छ तर यथार्थमा आवश्यक जनशक्ति अभाव हुन्छ । यसरी विकासको मोडेल र त्यस अनुकूलको उद्यममा आधारित शिक्षा प्रणालीको मार्गचित्र तयार गर्न सकिन्छ । त्यसपछि शिक्षा नीति, प्रणाली, संस्थागत व्यवस्था र शिक्षण विधिमा पनि त्यसै मार्गचित्र अनुकूल हुने गरी वा त्यसै अनुरूप ढाल्ने गरी आमूल परिवर्तन र सुधार गरिनु पर्छ ।









# शेखर फकाउँदै गगन र विश्वप्रकाश

● टक नेपाल

नेपाली काग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पार्टीको विशेष महाधिवेशन गर्न दबाब दिन हस्ताक्षर अभियान चलाइरहेका छन् ।

नेता गुरुराज घिमिरेको नेतृत्वमा भइरहेको हस्ताक्षर अभियान विशेष महाधिवेशन आह्वानका लागि प्रयाप्त नहुने देखिएको छ । महामन्त्री शर्माले मंगलबार मात्रै सामाजिक सञ्जाल फेसबुकमा भिडियो अपिल जारी गर्दै हस्ताक्षर गर्न सुभाएको बताएका छन् । शर्माले भिडियो अपिलमा भनेका छन्, 'मैले आफैंले टेलिफोन गरेर कसैलाई विशेष महाधिवेशनका लागि हस्ताक्षर गर्नुस् भनेको छैन । तर, मलाई हस्ताक्षर गर्दौं कि नगरौं भनेर टेलिफोन गरी सोध्नेलाई गर्नुस् भने को छु ।'

अपिलमा शर्माले 'लगनपछिको पोते'को काम नहुने भन्दै असोज २४ गतेभित्रै गर्न आग्रह गरेका छन् । 'के हीले २६ गते बस्ने केन्द्रीय समिति बैठकपछि हस्ताक्षर गर्ने कि भनेर सोध्नुभएको छ । हस्ताक्षर नै गर्ने हो भने किन कुर्नुहुन्छ ? भनिन्छ नि लगनपछिको पोते को के काम ? जसले हस्ताक्षर संकलन गर्दै हुनुहुन्छ उहाँहरूलाई भनिदिनुस् सरी म हस्ताक्षर गर्दिनँ तर हस्ताक्षर गर्न चाहनुहुन्छ भने २४ गतेभित्र गर्नुस्,' शर्माले भनेका छन् ।

शर्माले अपिलमा व्यक्त गरेका यी धारणाबाट पनि प्रस्ट हुन्छ हस्ताक्षर संकलनमा उनको पनि संलग्नता छ । यसबाट स्पष्ट बुझन सकने विषय के हो भने महामन्त्रीद्वय शर्मा र थापा सभापति देउवाले असो ज २६ गतेका लागि बोलाएको केन्द्रीय कार्यसमिति बैठक अगावै पार्टी केन्द्रीय कार्यालयमा ४० प्रतिशत हस्ताक्षर बुझाउन चाहन्छन् ।

२०७८ मंसिरमा भएको १४ औं महाधिवेशनमा ४ हजार ७ सय ४३ जना प्रतिनिधि रहेकाले त्यसको ४० प्रतिशत १ हजार ८ सय ९७ जना हुन्छन् । त्यति संख्यामा महाधिवेशन प्रतिनिधि त्यो समयसम्म नहुने निश्चित भएपछि शर्माको 'आफू बन्ने' गरी हस्ताक्षर अभियानलाई बल पुग्ने किसिमले अपिल आएको हो ।

विशेष महाधिवेशनले पार्टीलाई कमजोर होइन बलियो बनाउँछ : विश्वप्रकाश शर्मा

विशेष महाधिवेशनले पार्टीलाई कमजोर होइन बलियो बनाउँछ : विश्वप्रकाश शर्मा

तर, ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गर्दा निवेदन दिने बेलामा नै विशेष कारण खुलाउनुपर्ने व्यवस्था काग्रेसको विधानमा छ । विधानको दफा १७ को उपदफा २ मा त्यो व्यवस्था गरिएको छ ।

**यस्तो छ व्यवस्था**

देउवाले मात्रै गल्ती गऱ्यो भन्ने केही नदेखिएपछि अहिले भने महामन्त्रीहरू कसरी अगाडि बढ्ने भन्नेमा अलमलमा छन् । जेनजी आन्दोलन देउवाको कारण मात्रै नभएको र पदाधिकारी सबै यसमा दोषी रहेको भन्ने विषय पार्टीमा उठेपछि कसरी अगाडि बढ्ने भन्नेबारे महामन्त्रीद्वय थापा र शर्माले पार्टीभित्रको इतर समूहका नेता डा. शेखर कोइरालासँग छुट्टाछुट्टै छलफल गरे ।

थापाले सोमबार बिहान र शर्माले मंगलबार बिहान डा. कोइरालालाई भेटेका हुन् । भेटबारे औपचारिक रूपमा दुवै पक्षले बताउन चाहन्नन् ।

नाम उल्लेख नगर्ने सर्तमा निकटस्थ स्रोतले दिएको जानकारी अनुसार महामन्त्री थापाले डा. कोइरालासँगको भेटमा विधानअनुसार विशेष महाधिवेशन गर्न गाह्रो देखिएको भन्दै नियमित महाधिवेशनका लागि दबाब दिन आग्रह गरेका थिए ।

'विशेष महाधिवेशन विधानअनुसार गर्न नसकिने भयो, ४० प्रतिशत हस्ताक्षरसहित विशेष महाधिवेशनका लागि निवेदन दिँदा कारण खुलाउनुपर्ने व्यवस्था छ । के कारण लेख्ने ? त्यसमा सबै पर्ने देखियो । निवेदन दिएको ३ महिनाभित्र भनेको छ, त्यो भनेको नियमित महाधिवेशनभन्दा पर जाने भयो,' महामन्त्री थापाले भेटमा उल्लेख गरेको धारणा उद्धृत गर्दै स्रोतले भन्यो, 'नियमित महाधिवेशनका लागि जोड दिनुपऱ्यो नेतृत्व तपाईंले गर्नुपऱ्यो ।'

१४ औं महाधिवेशनमा डा. कोइराला प्यानलबाट उम्मेदवार बनी महामन्त्री जिते पनि थापा र को इरालाबिच सम्बन्ध राम्रो छैन । त्यसैले डा.कोइरालाले महाधिवेशनबारे आफू पुरानै अडानमा कायम रहेको र असोज २६ गते बोलाइएको केन्द्रीय समिति बैठकमा त्यो धारणा राख्ने बताएका थिए ।

आफ्नो प्रस्तावमा डा. कोइरालाले सकारात्मक/नकारात्मक कुनै जवाफ नदिएपछि थापा फर्किएका थिए । त्यसको अर्को दिन मंगलबार अर्का महामन्त्री शर्माले पनि कोइरालालाई भेटे । शर्मालाई पनि कोइरालाले आफू पुरानो अडानमा कायमै रहेको र त्यो विषय केन्द्रीय समिति बैठकमा राख्ने बताए ।

डा. कोइरालाले २०८१ साउनमा बसेको केन्द्रीय समिति बैठकमै २०८२ मंसिरमा नियमित महाधिवेशन गर्नुपर्ने प्रस्ताव राखेका थिए ।

कोइरालाले थापा र शर्मालाई भनेका थिए, 'मैले दुई अगाडिदेखि मंसिरभित्र १५ औं महाधिवेशन गर्नुपर्छ भनेको छु । अहिले हामी त्यही विन्दुमा आइपुगेका छौं । अब नियमित महाधिवेशन गरौं । केन्द्रीय समितिले नियमित महाधिवेशनको मिति टुंगो लगाओस् भन्ने मेरो धारणा छ, त्योबाहेक अरू विषयमा म जान सक्तिनँ ।'

अबको निर्वाचनसम्म नियमित महाधिवेशन गरेर पार्टीमा नयाँ नेतृत्व आउनुपर्ने पक्षमा आफू रहेको कोइरालाले बताइरहेका छन् । 'निर्वाचनसम्म पार्टीमा नयाँ नेतृत्व आउनुपर्छ । नियमित महाधिवेशनमार्फत नयाँ नतृत्व चुनिनुपर्छ,' कोइरालाले भन्दै आएका छन् ।

यता सभापति शेरबहादुर देउवानिकट प्रचार विभाग प्रमुख मीन विश्वकर्माले देउवा वैधानिक रूपमा नेतृत्वबाट बाहिरिन चाहेको बताएका छन् । 'सभापतिज्यूले नेताहरूलाई आफू पुनः सभापति नहुने बताइसक्नुभएको छ । सबैलाई मिलेर नेतृत्व चयन गर्ने वातावरण निर्माण गर्न उहाँले टेलिफोनमार्फत आग्रह गरिरहनुभएको छ,' विश्वकर्माले रातोपाटीसँग भने, '२६ गते आह्वान भएको केन्द्रीय समिति बैठकले नियमित महाधिवेशनको मिति तोक्छ । त्यो महाधिवेशनबाट नयाँ नेतृत्व चयन हुन्छ ।'

त्यसबाहेक देउवाले छिट्टै महाधिवेशन हुने भएमा र आफूलाई सहज भएमा आफ्नै नेतृत्वमा महाधिवेशन गराउने र असहज भएमा कार्यवाहक दिएर महाधिवेशनमा जाने विकल्प पनि देउवाले खुला राखेको विश्वकर्माले बताए । त्यसका लागि २६ गतेसम्म कुर्नुपर्ने उनको भनाइ छ । 'उहाँको स्वास्थ्य अवस्था कमजोर छ । २६ गतेको केन्द्रीय समिति बैठक सञ्चालन गर्ने त्यसमा सहज भए र छिटै नियमित महाधिवेशन हुने भएमा आफ्नै नेतृत्वमा महाधिवेशन गर्नुहुन्छ,' विश्वकर्माले भने, ' त्यो बैठकमा स
कारण असहज भएमा कार्यवाहक दिएर अग
भन्ने विकल्प पनि खुला राख्नुभएको छ ।'

देउवाले यी विषय अनौपचारिक रूपमा ने
कुराकानी गर्दै बताएका हुन् । भदौ २४ गते
नजी आन्दोलनमा आफ्नै निवासमा आन्दोल
कुटिएका देउवा दुई साता बढी अस्पतालमा
उपचार गराएका थिए । त्यसपछि उनको घ
हुने क्रममा रहे पनि बोल्न र धेरै समय बस
अझै असहज छ ।

अहिलेसम्म देउवाले अस्पतालबाट डिस्चाज
नेताहरूलाई भौतिक रूपमा भेटेका छैनन्
रूपमा नेताहरूलाई नभेटेको प्रचार विभ
विश्वकर्माले स्विकारे ।

# वर्षाले कोजाग्रत पूर्णिमा प्रभावित



● नागेन्द्र कुमार कर्ण

दसैंको अन्तिम दिन तिथि अनुसार सोमबार नै कोजाग्रत पूर्णिमा भए पनि महोत्तरीका बजारमा विगतका वर्षको जस्तो कुनै चहलपहल छैन । यस वर्ष बाढी डुबानका कारणले बजारमा कोजाग्रत पूर्णिमाको चहलपहल हुन नसकेको हो ।

विगत दुई दिनदेखिको अविरल वर्षाका कारण महोत्तरीका विभिन्न क्षेत्र बाढी र डुबानले चपेटामा परेको छ । सदरमुकाम जलेश्वरको बजार क्षेत्रमा पनि बाढी पसे को छ । जलेश्वर बजारका अधिकांश घर जलमग्न अवस्थामा छन् । बजार जाने सडकसमेत अवरुद्ध छन् ।

दसैंको अन्तिम दिन धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना गरी कोजगरा (कोजाग्रत पूर्णिमा) मनाइन्छ । कोजाग्रत पूर्णिमालाई विधिवत् रूपमा दसैंको समापन तथा तिहारको स्वागतका रूपमा लिने गरिन्छ । मिथिला क्षेत्रमा भने कोजाग्रत पूर्णिमालाई 'कोजगरा' का रूपमा मनाइने गरिन्छ ।

यस दिन पान र मखान खानुपर्ने चलन मिथिलामा रहिआएको छ । पान र मखान स्वर्गमा पनि पाइँदैन भन्ने मान्यता छ । त्यसै गरी मिथिलाञ्चलमा ब्राह्मणलगायतका परिवारमा कोजगरा पर्वको रौनक नै छुट्टै हुन्छ । यस दिन नवविवाहित बेहुलाको घरबाट बेहुलाको घरमा कोसेली (भार) लिएर जाने चलन रहेको छ । मिथिलाञ्चलमा मधुश्रावणीका अवसरमा बेहुलाका घरबाट बेहुलीका घरमा भार (कोसेली) लगिन्छ भने कोजगरामा बेहुलीका घरबाट बेहुलाका घरमा पान, मखान, फलफूल, दही, मिठाईलगायतका सामग्री लिएर जाने गरिन्छ । यस दिन भारसँगै चुमाओन विधि (आशीर्वाद दिने) तथा आफन्त इष्टमित्रलाई भोज खुवाउने प्रचलन रहेको छ । घर घरमा माता लक्ष्मीको पूजापछि परिवारका सबै सदस्यले केरा, पान र मखान खाने गर्छन् ।

आश्विन शुक्ल प्रतिपदा (घटस्थापना) का दिनदेखि सुरु भएको दुर्गापक्ष अर्थात् दसैं कोजाग्रत पूर्णिमाका दिन सम्पन्नताकी देवी महालक्ष्मीको पूजाआराधना गरी राति जाग्राम बसेपछि समापन हुन्छ । यो रात महालक्ष्मीले पृथ्वीको भ्रमण गरी को जागेको छ भनी हेर्ने र जो जाग्राम बसी महालक्ष्मीको पूजाआराधना गरिरहेको छ उसैलाई आशीर्वाद दिई धनधान्यले सम्पन्न गरिदिन्छिन् भन्ने धार्मिक विश्वास रहिआएको छ । यही विश्वासका कारण राति धेरै जना जाग्राम बस्ने गरेका छन् ।

यस वर्ष भने कोजाग्रत पूर्णिमाको दिन कुनै उत्साह नदेखिएको स्थानीय युवा नितेश भा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "विगतका वर्षमा यस दिन बजारमा मिठाइ, तरकारी, पान, मखानसहितका सरसामान किन्न भिडभाड हुने गर्थ्यो । यस वर्ष बाढीका कारण कुनै चहलपहल छैन ।"

जलेश्वर बजारक्षेत्र अहिले पनि जलमग्न छ । जलेश्वर जोड्ने विभिन्न सडकखण्ड अवरुद्ध छन् । जलेश्वर नगरपालिकासहित जिल्ला कारागार, प्रादेशिक अस्पताल जलेश्वर, विद्युत् प्राधिकरण जलेश्वर शाखा तथा सबस्टेसन, नेपाल टेलिकम, लोक सेवा आयोग, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालतका कार्यालय डुबानमा परेका छन् । विद्युत् सबस्टेसनमा बाढी पसेकाले विगत तीन दिनदेखि जलेश्वर क्षेत्रमा विद्युत् अवरुद्ध छ ।

रातो नदीका विभिन्न तटबन्ध कटान हुँदा पानी सोझै सदरमुकाम जलेश्वर प्रवेश गरेको थियो । जसका कारण जलेश्वरको महादेव मन्दिर क्षेत्र, जलेश्वरको अस्पताल चोक, जिरोमाइल चोक, बस स्टेन्ड चोक डुबानमा परेका छन् ।

विज्ञापन गालुपेमा
९८६३३२११४
९८०७८२११४
दसैं तिहारमा विशेष छुट

सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने । ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने । घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने ।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने । अबिलम्ब चिकित्सा उपचार गराउने ।

सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ । त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस् ।

बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014